- आपतकालिन अवस्थामा आश्रय स्थल क्षेत्रमा आवश्यक सहयोग
- आवत जावत अवरुद्ध भएको स्थानमा आपतकालिन यातायात र आवत जावत सुचारु
- प्राथमिक उपचार, खाद्यान्न, पानी, आपतकालिन आवास, गैर खाद्य सामग्री व्यवस्थापन
- विपद्का समयमा सुरक्षित हुने उपाय र आवश्यक सूचनाहरु प्रवाह
- क्वारेन्टाइन तथा आइसोलेसनमा बसेकाहरुलाई खाजा खाना व्यवस्थापन

(३) विपद्का पश्चातका समयमा गरिने कार्यहरुः

- विस्थापित परिवारहरुलाई १ महिनाका लागि खाद्यान्न सहयोग
- विस्थापित परिवारका बालबालिकाहरुको उच्च शिक्षामा छात्रवृत्ति सहयोग
- पूर्ण प्रभावित र विस्थापित परिवारहरुलाई आयआर्जनका लागि सहयोग

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०६/०७

आज्ञाले
गणेशदत्त मिश्र
प्रमुख प्रशासकीय अधिकृत



# स्थानीय राजपत्र

माहाकाली नगरपालिकाद्वारा प्रकाशित

खण्ड : १, संख्या : ७, असोज २८ गते, २०७७ साल

**भाग-२**

## माहाकाली नगरपालिका विपद् व्यवस्थापन कोष संञ्चालन कार्यविधि, २०७७

प्रस्तावनाः माहाकाली नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुन सक्ने जोखिम न्यूनिकरण तथा व्यवस्थापन र अहिलेको समय देखिएको कोरोना माहामारीको रोकथाम नियन्त्रण गर्नका लागि स्थापना भएको विपद् व्यवस्थापन कोष सञ्चालन सम्बन्धी कार्यवधि बनाउन बाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिनमा रहि नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी माहाकाली नगरपालिका कार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यवधिको नाम "विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७७" रहेको छ । (२) यो कार्य विधि तुरून्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यवधिमा,

(क) "ऐन" भन्नाले नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्भन्नुपर्छ ।

(ख) "कोष" भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्भन्नुपर्छ ।

(ग) "प्रभावित व्यक्ति" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गा जमिन, पशुपन्छी, खाद्यान्न, लत्ताकपडा तथा अन्य सम्पत्तिमा आंशिक वा पूणरूपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित भएको व्यक्तिलाई सम्भन्नुपर्छ ।

(घ) "राहत" भन्नाले विपद प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सामाग्री समेत सम्भन्नुपर्छ ।

(ङ) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा १८ बमोजिमको ताकिएको समिति लाई सम्भन्नुपर्छ

(च) "संयोजक" भन्नाले विपद् व्यवस्थापन कोष संञ्चालन समितिको संयोजक सम्भन्नुपर्छ ।

(छ) नगरपालिका भन्नाले माहाकाली नगरपालिकालाई सम्भन्नु पर्दछ ।

(ज)"कोष" भन्नाले विपद्को आपतकालिन अवस्थाको प्रयोजनका लागि दफा ७ वमोजिमको विपद् व्यवस्थापन कोष सम्भन्नु पर्छ ।

(झ)"विपद्" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्भन्नु पर्छ ।

(ञ) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, कोरोना भाइरस,अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू,



## अनुसूचि २
## विपद् व्यवस्थापन कोष खर्चका क्षेत्रहरु

(१) विपद् पूर्व गरिने कार्यहरु :

- नगरपालिकाको संकटासन्नता र क्षमता विश्लेषण तथा पुनरावलोकन,
- नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना समीक्षा र पुनरावलोकन,
- नगरपालिका कर्मचारी, सरोकारवाला, स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको समितिको क्षमता विकास,
- वडा स्तरीय, समुदाय स्तरीय विपद् तथा जलवायु उत्थानशील समितिको क्षमता विकास
- उक्त समिति अन्तरगतका कार्य समूह (कार्यदल) को क्षमता विकास
- कार्य समूहलाई आवश्यक हुने पूर्व सूचना, खोज उद्धार, प्राथमिक उपचार, आपतकालिन व्यवस्थापन लगायतका आवश्यक सामाग्री व्यवस्थापन ।
- नगरपालिकाका विभिन्न कार्यक्रमहरु मार्फत साना रोकथामका कार्यहरु
- आपतकालिन आश्रय स्थल निर्माण
- पूर्व सूचना प्रवाह र सचेतना अभियान
- भारत तथा तेस्रो मुलकमा रहेका नेपालीकामदारहरुको तथ्यांक राख्ने
- एकान्त बासको व्यवस्था
- कोरोना रोकथामका लागि सचेतीकरण
- मास्क सेनीटाइजर ग्लोब्सको व्यवस्थापन

(२) विपद्का समयमा गरिने कार्यहरु :

- विपद्का समयमा खोज उद्धार कार्यमा सहयोग
- विपद्बाट विस्थापित भएका र पूर्ण प्रभावितलाई आपतकालिन राहत सहयोग

## अनुसूचि १
## दफा १३ संग सम्बन्धित
## आपतकालिन राहत सहयोग मापदण्ड

| मापदण्ड | | उद्देश्य | राहत सहयोग रु. | आवश्यक कागजात |
|---|---|---|---|---|
| १ | सवै प्रकार प्रकोपमा परि मृत्यु भएमा | काजक्रिया खर्च सहयोग | प्रति मृतक रु.२०,०००। | प्रहरी मुचुल्का प्रहरि मुचुल्का र वडा सिफारिस |
| २ | वाढीवाट घर जमीन वगाई पूर्ण रुपमा विस्थापीत भएमा | आपतकालिन रुपमा आवासको सहयोग पुऱ्याउन | प्रति परिवार रु. २०,०००। | प्रहरी मुचुल्का र वडा सिफारिस र अनुगमन समितिको सिफारिसमा |
| ३ | आगलागी वाट घर जलेर पूर्ण क्षती | आपतकालिन रुपमा आवास वनाउन | रु.१०,०००। | प्रहरि मुचुल्का र वडा सिफारिस |
| ४ | आगलागी वाट घर जलेर अधा जलेमा | आपतकालिन रुपमा आवास वनाउन | जलेको अवस्था हेरी रु.५,०००। सम्म | प्रहरि मुचुल्का र वडा सिफारिस |
| ५ | आगलागी वाहेकका अन्य विपदवाट घर पूर्ण रुपमा भत्केको | भत्केको सामाग्री व्यवस्थापन गर्न | इटाको घर भएको प्रति परिवार रु.५,०००। | प्रहरी मुचुल्का र वडा सिफारिस अनुगमन समितिको सिफारिसमा |
| कच्ची घर प्रति परिवार रु. २,५००। | | | प्रहरी मुचुल्का र अनुगमन समितिको सिफारिसमा | |
| ६ | प्रकोपवाट घर गोठ आंशिक रुपमा भत्केको | भत्केको सामाग्री व्यवस्थापन गर्न | कोषको अवस्था हेरी समितिको निर्णय अनुसार (आधा भन्दा बढी नहुने गरी) | प्रहरी मुचुल्का र अनुगमन समितिको सिफारिसमा |
| ७ | विपद्वाट घरको खाद्यान्न, कपडा लगायतका सामाग्री वगेमा वा नष्ट भएमा | सामाग्रीको तत्काल जोहो गर्न | कोषको अवस्था हेरी समितिको निर्णय अनुसार (पूर्ण वा आधा क्षती भन्दा बढी नहुनेगरी) | प्रहरी मुचुल्का र अनुगमन समितिको सिफारिसमा |
| ८ | विपद्वाट पुशपंक्षीको क्षतीभएमा | फिल्ड अध्ययन | कोषको अवस्था हेरी समितिको निर्णय अनुसार | प्रहरी मुचुल्का र अनुगमन समितिको सिफारिसमा |

पुनश्चः वाढी, हावाहुरी, असिना पानी, जंगली जनावरको आक्रमण लगायतका विपद्को क्षती तथा राहतका लागि विपद्को अवस्था हेरी नगर प्रतिकार्य समितिको परामर्शमा स्थानीय विपद् तथा जलवायु उत्थानशिल समितिको निर्णय अनुसार हुनेछ । कृषि, पशुपंक्षीको विमा अभियानलाई पुर्वतयारीका रुपमा जोड दिनु पर्ने छ ।



प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(ट) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू(स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ ।

(ठ) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(ड) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(ढ)"विपद् पुनर्लाभ" भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुर्नस्थापनासँग सम्बन्धित कार्य सम्झनु पर्छ ।

(ण) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(त) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

## परिच्छेद - २
## विपद् व्यवस्थापन कोष संञ्चालन समिति गठन र काम कर्तव्य अधिकार

**३.नगर विपद् व्यवस्थापन कोष संञ्चालन समितिः** (१) नगर स्तरिय विपद् व्यवस्थापन कोष परिचालनका लागि देहाय वमोजमको नगर विपद् व्यवस्थापन कोष संचालन समिति गठन गरिने छ ।

(क) नगर प्रमुख संयोजक

(ख) नगर उपप्रमुख सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) विषयगत समितिका संयोजकहरु सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमूख सदस्य

(च) विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख सदस्य सचिव

(२) नेपाल रेडक्रस सोसाईट, उवासंघ, गैसस महासंघ समन्वय समिति, विपद् व्यवस्थापनमा कार्यरत गैसस लगायतका सामाजिक संस्थाहरु आवश्यक भएमा आमन्त्रीत गर्न सकिने छ ।

**४. नगर स्तरीय विपद् व्यवस्थापन कोष संञ्चालन समितिको काम कर्तव्य र अधिकारः**

(क) नगर स्तरीय विपद् व्यवस्थापन कोषकालागि आवश्यक वजेट प्रक्षेपण गर्ने त्यसका लागि वार्षिक योजनामा वजेट विनियजन गरि नगर सभामा पेश गर्ने ।

(ख) विपद् व्यवस्थापन कोषलाई पूर्वतयारी, पूर्वसूचना, आपतकालिन उद्धार, कोरोना माहामारी नियन्त्रण तथा राहतमा लगायतका क्षेत्रमा अनुसूचि २ वमोजिम वाडफाड गर्ने ।

(ग) विपद् व्यवस्थापन कोष वृद्धिका लागि सरोकारवाला निकायमा आवश्यक पहल गरि कोष वृद्धि गर्दै जाने ।

(घ) कोषको रकम विपद् प्रभावीतको सहयोग र राहतमा उपयोग भए नभएको सुनिश्चित गर्ने साथै कोषको रकमको उपयोगको समिक्षा गर्ने ।

(ङ) कोषको रकमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नीति,



(६) उपदफा (१) बमोजिमको अनुगमन टोलीमा उपलब्ध भएसम्म स्थानीय राजनीतिक दल, विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न गैरसरकारी संघसंस्था, उद्योगी व्यवसायी आवद्ध संघसंगठन, नागरिक समाज तथा पत्रकार आवद्ध संघसंगठन र सशर्त सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाको प्रतिनिधि लाई आमन्त्रीतका रुपमा संलग्न गराईनेछ ।

२४. निर्देशन दिन सक्नेःनगर सभाले समितिको काम कारबाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२५. कार्यविधिको व्याख्या : कार्यविधिमा भएका प्रावधानमा कुनै व्याख्या गर्नु पर्ने अवस्था आएमा यसको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

२२.अभिलेख राख्नेः (१) समितिले कोष परिचालन सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेख विपद् व्यस्थापन कोष संञ्चालन समितिको सदस्य सचिवको जिम्मामा रहनेछ ।

(३) दफा (१) बमोजिमको अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार त्यस्तो अभिलेख उपलब्ध गराईनेछ ।

२३.अनुगमनः (१) यस कार्यविधि बमोजिम विपद् व्यवस्थापन कोष परिचालन समिति वाट आफै वा सोही समितिवाट तिन सदस्यीय छुट्टै समिति गठन गरि नियमित तथा आकस्मिक अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिले अनुगमन गर्दा आवश्यक सूचकका आधारमा अनुगमन गरि अनुगमनका क्रममा देखिएको सत्य तथ्य विवरण सहितको प्रतिवेदन विपद् व्यवस्थापन कोष संचालन समिति मार्फत नगर स्तरीय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा कोष परिचालनमा कुनै कमि कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न नगर स्तरीय विपद् व्यवस्थापन समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कोष परिचालनमा कुनै गम्भिर त्रुटी रहेको र सोलाई तत्काल रोक्न आवश्यक देखिएमा नगर स्तरीय विपद् व्यवस्थापन समिति अध्यक्षले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

(५) अनुगमनका क्रममा कुनै व्यक्तिले झुठा विवरण पेश गरी कोषबाट राहत प्राप्त गरेको वा कोषले उपलब्ध गराएको राहतको दुरूपयोग गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।



कार्यविधि आवश्यक भएमा नगर स्तरिय विपद् व्यवस्थापन समितिमा छलफल गरि कार्यपालिकामा पेश गर्ने ।

(च) विपद् व्यवस्थापन कोषको छुट्टै खाताको व्यवस्था गरि संचालनमा ल्याउने व्यवस्था मिलाउने ।

(छ) आपतकालिन प्रतिकार्य समितिले पुर्‍याएको उद्धार तथा राहत खर्च उपयुक्त भए नभएको एकिन गर्ने

(ज) कोरोना माहामारी जस्ता अन्य विपद् लाई नियन्त्रण गर्न मास्क, सेनीटाइजर, हातधुने स्थल र एकान्तबासको व्यवस्था गर्ने ।

(झ) भारत तथा अन्यमुलुकमा रहेका नेपाली कामदारहरुको तथ्यांक संकलन गर्ने

(ञ) विपद् व्यवस्थापन कोष संचालन समितिको वैठक नगर सभा अगावै अर्थात योजना तर्जुमाका समयमा, वाढी पूर्व जेष्ठ महिना, शितलहर पूर्व मंशिर महिना, हुरीवतास तथा आगलागी सम्वन्धमा फागुनमा र अन्य विपद्का समयमा आवश्यकता अनुसार वस्ने छ ।

(ट) वैठक विपद् व्यवस्थापन कोष संचालन समितिको संयोजक-नगर प्रमूख) को आदेशमा सदस्य सचिवले वोलाउनु पर्नेछ र निर्णय र गतिविधिको दस्तावेजीकरण सदस्य सचिवले गर्नु पर्नेछ ।

## परिच्छेद - २
## नगर आपतकालिन प्रतिकार्य समिति गठन र काम कर्तव्य अधिकार

५. आपतकालिन प्रतिकार्य समितिः विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरूमा विपद्वाट भएको क्षती आकलन गर्न, उद्धार र राहतको सिफारिस गर्नका लागि देहाय वमोजिमको नगर आपतकालिन प्रतिकार्य समिति गठन गरिने छ ।

क) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक संयोजक

ख) सम्वन्धित वडाको वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य सदस्य

ग) नेपाल प्रहरी प्रतिनिधि सदस्य

घ) नेपाल रेडक्रस सोसाईटी प्रतिनिधि सदस्य

ङ) विपद् संग सम्वन्धित विषयगत शाखा प्रमूख सदस्य

च) विपद् व्यस्थापन शाखा प्रमूख वा तोकेको विपद् सम्पर्क व्यक्ति सदस्य सचिव

छ) प्रभावीत क्षेत्रमा विपद् व्यवस्थापनमा कार्यरत गैर सरकारी संस्थाको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिने छ ।

ज) नगरमा रहेका पूर्वसूचना, खोज उद्धार, प्राथमिक उपचार, आपतकालिन राहत व्यवस्थापन लगायतका कार्यदलका संयोजकहरुलाई पनि आवश्यकता हेरी आमन्त्रण गर्न सकिने छ ।

झ) आपतकालिन प्रतिकार्य समितिको वैठक वाढी पूर्व जेष्ठ महिना, शितलहर पूर्व मंशिर महिना, हुरीवतास तथा आगलागी सम्वन्धमा फागुनमा र अन्य विपद्का समयमा आवश्यकता अनुसार वस्ने छ ।

ञ) वैठक आपतकालिन प्रतिकार्य समितिका संयोजकको आदेशमा सदस्य सचिवले वोलाउनु पर्ने छ र निर्णय र गतिविधिको दस्तावेजीकरण सदस्य सचिवले गर्नु पर्नेछ ।

६. नगर आपतकालिन प्रतिकार्य समितिको काम कर्तव्य र अधिकारः

(क) विपद्का समयमा नगरको विपद् व्यवस्थापन समिति अन्तगतका खोज उद्धार कार्यदल, समुदायमा रहेका खोज उद्धार कार्यदल, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र सिमा प्रहरी लगायका सुरक्षा निकाय र अन्य संघ संस्था तथा समुदायवाट भएको खोज उद्धारको पहल लाई नगरपालिका तर्फवाट आवश्यक सहयोग पुर्‍याउने ।

ख) खोज उद्धारका समयमा र खोज उद्धार पश्चात लगत्तै प्रारम्भीक क्षतीको आंकलन गर्ने र क्षती भएकाहरुको प्रतिकार्य योजना वमोजिमको विवरण तयार गर्ने तत्काल राहतका लागि आवश्यक सिफारिस गर्ने ।

ग) विपद् पश्चात तत्काल प्रारम्भीक विवरण अनुरुप तत्काल उद्धार गरिएका क्षेत्रमा आवश्यक सुख्खा खाना लगायतको व्यवस्थाका लागि सिफारिस गर्ने । वितरणको व्यवस्था मिलाउने ।



गर्न आवश्यक्ता अनुसार समितिले थप मापदण्ड निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

१९.परामर्श लिन सक्नेः समितिले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा सस्थासँग आवश्यक परामर्श लिन सक्नेछ ।

२०.रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ् फण्ड) को रूपमा रहनेः

(१) दफा ९ को उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ । तर दफा १७ को उपदफा (२) सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थाले फिर्ता माग गरेमा कोषबाट रकम फिर्ता गर्न बाधा पर्ने छैन ।

(२) कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ । स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिबल्विङ फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनःपुर्ति गर्दै जाने गरि स्थापित कोषलाई सम्झनुपर्छ ।

(३) कोषमा मौज्दात रकम रु.५,००,०००।-(पाच लाख)भन्दा न्यून हुन गएमा तत्काल थप रकम जम्मा गर्न पर्ने छ ।

२१. सहयोगका लागि आह्वान गर्नेः (१) विपद्का कारण आपत्कालिन अवस्था सृजना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा नगरपालिकाले छिमेकी स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारलाई कोषमा आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ ।

(२) विपद्बाट प्रभावितको खोज, उद्धार र राहतका लागि समितिले स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, गैसस, युवा क्लव, आमासमूह, स्वयम् सेवक, राष्ट्रसेवक, उद्योगी व्यवसायी, प्रवुद्ध व्यक्ति तथा आमसर्वसाधारणलाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ ।

(४) आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र समितिले कोषको वार्षिक आय व्ययको विवरण समेत खुल्ने वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत नगर सभा समक्ष पेश गर्नु पर्नेछ ।

१७. लेखा परिक्षण (१) कोषको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखाबाट हुनेछ ।

(२) कोषको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(३) नगर कार्यपालिकाले चाहेमा जुनसुकै बखत समितिको हिसावकिताव जाँच्न वा जाँच गराउन सक्नेछ ।

(४) नगर कार्यपालिकाको कार्यालयले कम्तीमा वर्षको एक पटक कोषको सामाजिक र सार्वजनिक लेखापरिक्षणको व्यवस्था मिलाउनेछ ।

## परिच्छेद -४
## विविध

१८. सशर्त सहायताः (१) विपद् व्यवस्थापन सम्बन्धी तोकिएको कार्य सम्पादन गर्ने शर्त सहित कुनै व्यक्ति वा संस्थाले कोषमा सहायता उपलब्ध गराउन चाहेमा त्यस्तो सहायता प्राप्त गर्नु पूर्व विपद् व्यवस्थापन कोष समितिले शर्त स्वीकार गर्ने वा नगर्ने सम्बन्धी निर्णय गर्नेछ र शर्त स्वीकार गरेको अवस्थामा मात्र सहायता रकम वा सामाग्री कोषमा जम्मा हुनेछ । तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने हकमा समितिको पूर्व निर्णय आवश्यक पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्रीलाई तोकिएको काममा मात्र उपयोग गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कोषमा प्राप्त अनुदान रकम वा वस्तुगत सहायता सामाग्री तोकिए बमोजिमको कार्यमा उपयोग भए/नभएको सम्बन्धमा त्यस्तो सहायता उपलब्ध गराउने व्यक्ति वा संस्थाले विवरण माग गरेमा सोको विवरण उपलब्ध गराउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम कोषमा सहायता स्वरुप प्राप्त हुने भौतिक सामाग्रीहरुको भण्डारण तथा वितरण कार्यलाई व्यवस्थित



(घ) विपद् आएको एक हप्ता देखी अवस्था हेरी १ महिना भित्र क्षतीको पूर्ण विवरण सहित आवश्यक राहतको सिफारिस गर्ने र आवश्यक राहत वितरणको व्यवस्था मिलाउने ।

(ङ) आपतकालिन प्रतिकार्यमा राहत सहयोग वितरणका लागि मानविय सहायतका क्षेत्रमा काम गर्ने गैसस लगायतका संघ संस्थालाई राहतको प्याकेज र वितरण क्षेत्र दोहोरो नपर्ने गरि फिल्ड तोक्ने । सो को जानकारी विपद् व्यस्थापन संयोजक नगर प्रमख र उपप्रमूख लाई गराउने ।

(च) प्रतिकार्यको काममा नगर, वडा र समुदायमा रहेका पूर्वसूचना, खोज उद्धार, प्राथमिक उपचार, आपतकालिन राहत व्यवस्थापन लगायतका कार्यदलहरुलाई परिचालन गर्ने ।

## परिच्छेद - २
## कोषको स्थापना, उद्देश्य तथा प्रयोग

७.कोषको स्थापनाः (१) स्थानीय स्तरमा उत्पन्न भएको वा हुनसक्ने विपद्को जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धी कार्य नगर स्तरबाटै सञ्चालन गर्नका लागि आवश्यक स्रोत संकलन र परिचालन गर्न नगरपालिकामा एक विपद् व्यवस्थापन कोष रहनेछ ।

(२) कोषको आय रकम संकलन तथा व्यय रकम परिचालनका लागि नगरपालिकाको सञ्चित कोष रहेको वित्तीय संस्थामा दफा ९ वमोजिम छुट्टै खाता खोलिनेछ ।

(३) कोषको कूल आम्दानी अन्तर्गत यस कार्यविधिको दफा ७ बमोजिम कोषमा जम्मा हुनेगरी प्राप्त भएको रकम तथा दफा ९ को खाता रहेको वित्तीय संस्थाले कोष रकममा उपलब्ध गराएको ब्याज आय र दफा १० बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीको प्रचलित मूल्य समेतलाई जनाउँनेछ । तर वस्तुगत सहायता सामाग्री दफा १० अनुसार प्रचलित मूल्यलाई बैंक हिसाबमा समावेश गरिने छैन ।

(४) यस कार्यविधिको दफा ६ बमोजिम कोषको नाममा प्राप्त हुन आउने वस्तुगत सहायता सामाग्रीको छुट्टै मौज्दात किताब स्थापना गरि अभिलेख गरिनेछ ।

८.कोषको उद्देश्यः (१) स्थानीय स्तरमा हुन सक्ने सम्भाव्य विपद्को जोखिम न्यूनिकरण तथा विपद्को व्यवस्थापनकालागि आर्थिक तथा वस्तुगत सहायता परिचालन गर्न कोषबाट देहायका क्षेत्रमा काम गर्नेछः।

(क) विपद्को घटनाबाट प्रभावित व्यक्तिहरूलाई स्थानीय स्तरमा तुरुन्त खोज, उद्धार र राहत सेवा उपलब्ध गराउने ।

(ख) विपद् पर्दा तत्कालै स्थानीय स्तरमा सामना गर्न सक्ने अवस्था सिर्जना गर्ने ।

(ग) विपद् जोखिम न्यूनिकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ कार्यलाई सहज गर्ने ।

९.कोषको आम्दानीः (१) नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा १२ को उपदफा (२) र (३) को अधिनमा रहि देहाय बमोजिमका रकम आम्दानीको रूपमा जम्मा हुनेछ ।

(क) नगरपालिकाको वार्षिक बजेट मार्फत विपद् व्यवस्थापन कोषमा जम्मा हुने गरी स्वीकृत रकम,

(ख) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी अन्य स्थानीय तहबाट प्राप्त रकम,

(ग) विपद् व्यवस्थापन कार्यका लागि कोषमा जम्मा हुनेगरी प्रदेश सरकार तथा नेपाल सरकारबाट प्राप्त रकम,

(घ) नगर सभाबाट स्वीकृत आर्थिक ऐनमा व्यवस्था गरिए बमोजिम विपद् व्यवस्थापन कोषमा जम्मा हुनेगरी प्राप्त हुने शुल्क तथा दस्तुर रकम,

(ङ) नगर सभा सदस्य, नगरकार्यपालिका सदस्य तथा नगरपालिकाका कर्मचारीहरूको स्वेच्छिक निर्णयबाट प्राप्त हुने रकम,

(च) स्वदेशी विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरू र त्यसमा कार्यरत कर्मचारीहरू, उद्योगी, व्यवसायी, पेशाकर्मी, राजनीतिक दल,



(२) कोषलाई प्राप्त भएको वस्तुगत सहायता सामाग्री मध्ये कुनै पनि सामाग्री पूर्ण वा आंशिकरूपमा कार्यालयको वा कार्यालयको कुनै पदाधिकारी वा कर्मचारीको नियमित प्रयोजनका लागि प्रयोग गरिनेछैन ।

## परिच्छेद - ३
## कोषको सञ्चालन, लेखा तथा लेखा परीक्षण

१५.कोषको सञ्चालनः (१) कोषको बैंक खाता सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

(२) कोषबाट एक पटकमा रु.२,०००।- (दुई हजार रूपैया)भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रूपमा बैंक मार्फत मात्र भुक्तानी गरिनेछ ।

(३) कोषलाई प्राप्त वस्तुगत सहायता सामाग्रीको निकासा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको विपद् व्यवस्थापन हेर्ने अधिकृत स्तरको कर्मचारी र जिन्सी शाखा प्रमुखबाट हुनेछ ।

(४) उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्री विपद् व्यवस्थापन कार्यमा उपयोगका लागि निकासा गर्दा मौज्दात किताबमा खर्च अभिलेख जनाई निकासा दिनुपर्नेछ र त्यस्तो सामाग्रीको अभिलेख मूल्यलाई कोषको खर्चको रूपमा समेत अभिलेख गरिनेछ ।

१६.कोषको आयव्ययको लेखा तथा सोको सार्वजनिकरणः (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषले कार्यपालिकाले तोकेबमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ ।

(३) कोषको मासिकरूपमा भएको आम्दानी र खर्चको विवरण अर्को महिनाको सात गतेभित्रमा सार्वजनिक गर्नुपर्नेछ ।

- वाढीले सवै जमीन कटान वा पटानले गर्दा २५ प्रतिशत भन्दा कम रहेको ।
- आगलागीका हकमा घर पूर्ण रुपमा जलेर नस्ट भएको ।

४) विस्थापति तथा पुर्नस्थापना स्तरको क्षति

- जग्गा घर सवै वगाएको वा पूर्ण रुपमा वगर वा नदी मा परिणत भएको, उठिवास भई विस्थापित भएको ।

५) मानवीय क्षति

- विपद्का कारण मानव को अवस्था वेपता वा पत्ता नलागेको तथा मानविय क्षति भएको ।
- विपद्का कारण मानबको अंगभंग भएको वा अपाङ्गता भएको वा क्षतिका कारण मानसिक अपाङ्गता भएको ।

१४.कोष प्रयोग गर्न नपाईने: (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) नियमित प्रशासनिक कार्यको लागि खर्च गर्न,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(घ) विपद्बाट प्रभावितलाई दिईने तोकिए बमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठि, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न, गराउन,

(च) आकस्मिक रूपमा निर्माण गर्नुपर्ने बाहेकका अन्य नियमित पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य गर्न गराउन,

(ङ) विपद् जोखिम न्यूनिकरण तथा विपद् व्यवस्थापन सँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न गराउन,



नागरिक समाज, धार्मिक तथा परोपकारी संघसंस्था र आम सर्वसाधारणबाट स्वेच्छिक रूपमा प्राप्त हुने रकम,

(छ) गैरआवासीय नेपाली, वैदेशिक सरकार तथा संघसंस्थाको तर्फबाट प्रचलित कानूनको अधिनमा रहि प्राप्त हुने रकम,

(ज) कोषको खाता सञ्चालनमा रहेको वित्तीय संस्थाले त्यस्तो कोषमा रहेको रकममा उपलब्ध गराएको ब्याज आय,

(झ) दफा ६ को उपदफा (३) बमोजिम वस्तुगत सहायता सामाग्रीको बिक्रीबाट प्राप्त आय,

(झ) प्रचलित कानूनको अधिनमा रहि कोषमा जम्मा हुने गरी अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिम कोषलाई उपलब्ध हुने रकम सम्बन्धित व्यक्ति वा संस्थाले यस कार्यविधिको दफा ७ को उपदफा (२) बमोजिमको कोषको बैंक खातामा सिधै जम्मा गरिदिन वा नगरपालिकाको आर्थिक प्रशासन शाखामा नगद जम्मा गर्न सक्नेछ । त्यसरी नगद जम्मा हुन आएमा आर्थिक प्रशासन शाखाले सम्बन्धित व्यक्ति वा संस्थालाई सोको भर्पाई उपलब्ध गराउनुपर्नेछ ।

(३) कोषमा रकम जम्मा गर्ने व्यक्ति तथा संस्थाको नाम र प्राप्त सहायता रकम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ । तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्नेछैन ।

१०.वस्तुगत सहायता सामाग्रीः (१) नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५को दफा १२ को उपदफा (२) र (३) को अधिनमा रहि कुनै व्यक्ति वा संस्थाबाट नगद बाहेकको वस्तुगत सहायता सामाग्री प्राप्त हुन आएमा र त्यसरी प्राप्त सामाग्री विपद् व्यवस्थापन सम्बन्धी कार्यमा उपयोग हुने देखिएमा त्यस्तो वस्तुगत सहायता सामाग्रीलाई स्वीकार गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकार गरिएको वस्तुगत सहायता सामाग्रीलाई अलग्गै मौज्दात किताबमा आम्दानी अभिलेख जनाई त्यस्तो

सामाग्रीको प्रचलित मूल्यलाई कोषको आम्दानीको रूपमा समेत अभिलेख गरिनेछ ।

**स्पष्टिकरण:** यस दफाको प्रयोजनका लागि प्रचलित मूल्य भन्नाले वस्तुगत सामाग्रीको साथमा प्राप्तहुने खरिद बिजक वा मूल्याङ्कनको प्रमाण र ढुवानी लागत समेतको मूल्यलाई जनाउँनेछ । यदी त्यस्तो मूल्यबिना नै वस्तुगत सामाग्री प्राप्त हुन आएको रहेछ भने त्यस्तो वस्तुगत सामाग्रीको प्रचलित स्थानीय दररेट अनुसारको मूल्याङ्कनलाई आम्दानीको आधार मानिनेछ । सो पनि नभएमा त्यसरी प्राप्त सामाग्रीको लागि विपद् व्यवस्थापन कोष संञ्चालन समितिले उचित ठहर्याएको मूल्याङ्कनलाई कोषको आम्दानीको आधारको रूपमा लिईनेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त भई उपदफा (२) बमोजिम आम्दानी अभिलेख गरिएको कुनै सामाग्री तत्काल प्रयोग गर्न आवश्यक नपर्ने वा नमिल्ने वा लामो समयसम्म भण्डारण गरि राख्न पनि अनुकुल नहुने ( सड्ने, बिग्रने, नासिने वा खेर जाने) प्रकृत्तिको भएमा समितिको निर्णयले त्यस्तो सामाग्रीलाई प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी प्राप्त आय रकमलाई दफा ३ को उपदफा (२) बमोजिमको कोषको खातामा जम्मा गरिनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामाग्री स्थानीय विपद् व्यवस्थापनमा उपयोग नहुने वा उपयोग गर्न उपयुक्त नहुने देखिएमा समितिले निर्णय गरी त्यस्तो सहयोग आंशिक वा पूर्णरूपमा अस्वीकार गर्न सक्नेछ ।

(५) उपदफा (१) वा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै वस्तुगत सहायता सामाग्री प्रचलित मापदण्ड बमोजिमको न्यूनतम गुणस्तरयुक्त नभएको अवस्थामा त्यस्तो सामाग्रीलाई समितिले अस्वीकार गर्नेछ ।

(६) उपदफा (१) बमोजिम प्राप्त वस्तुगत सहायता सामाग्री उपदफा (४) वा (५) बमोजिम अस्वीकार गरिएको अवस्थामा बाहेक त्यस्तो सामाग्री उपलब्ध गराउने व्यक्ति वा संस्थालाई कार्यालयले सामाग्री प्राप्ति र स्वीकारोक्तिको भरपाई उपलब्ध गराउनुपर्नेछ ।



विपद्का समयमा घर छोडी अन्यन्त्र गई बसेको अबस्था वा आफ्नै घरमा पनि खाद्य तथा गैरखाद्य बस्तुको क्षति भई तत्काल खान र बासको कुनै ब्यबस्था नभएको अबस्थामा वा आफ्नो घरमा फर्कि नसक्दा सम्मका लागि मानवीय सहयोग तथा राहत उपलब्ध गराईने छ ।

ख) क्षति पुर्ति राहत

क्षति पुर्ति राहात विपदको समयमा भएको सम्पूर्ण क्षतिको विवरण सर्वेक्षण पश्चातको आधारमा गरिने राहत सहयोगलाई जनाउने छ । जसलाई ५ भागमा वर्गिकरण गरिएको छ ।

१) आंशिक क्षति

- वाढीको हकमा घरभित्र ३ देखी ४ फिट उचाई सम्म वाढी पसेर खान्यान तथा गैर खाद्यान्न सामाग्री सवै वगेको र घरमा तत्काल अवस्थामा बस्न योग्य नरहेको अवस्था र पछि फर्कि बस्नसक्ने अवस्था ।
- घर तथा गोठ लाई २५ प्रतिशत मर्मत गर्नु पर्ने देखिएको ।
- खेती गरिएको जग्गा का २५ प्रतिसत सम्म कटान, पटान वा वाली नष्ट देखिएको ।
- हावा हुरीवाट घरको छाना उडाएको मर्मत गर्नु पर्ने अवस्था रहेको ।

२) मध्यम क्षति

- घर तथा गोठ लाई ५० प्रतिशत नष्ट गरेको ।
- खेति गरिएको जग्गाको ५० प्रतिसत सम्म कटान, पटान वा वाली नष्ट देखिएको ।
- घरको ५० प्रतिशत मर्मत पछि बस्न सकिने एकिन भएको ।
- आगालागीका हकमा आंशिक ५० प्रतिशत सम्म जलेको ।
- हावा हुरीवाट घर पूर्ण रुपमा ढलेको र अस्तव्यस्त भएको ।

३) पूर्ण क्षति

- घरमा वाढी पसेर घर तथा गोठ पुर्ण रुपले नष्ट भएको ।

सघनता र व्यापकता, कोषमा जम्मा भएको रकम तथा राहत सामाग्रीको उपलब्धता र खर्चको औचित्य समेतलाई दृष्टिगत गरी आपतकालिन प्रतिकार्य समितिको सिफारिसमा विपद् व्यवस्थापन कोष संचालन समितिले उचित ठहऱ्याए बमोजिम हुनेछ । यसको प्रगति प्रतिवेदन नगर विपद् तथा जलवायु उत्थानशिल समिति मा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि विपद्को कारणले गम्भिर हानी नोक्सानी वा घाईते भई विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले राहतका लागि निवेदन दर्ता गर्न सक्ने अवस्था नरहेमा र तत्काल राहत उपलब्ध नगराउँदा विपद् प्रभावित व्यक्ति थप जोखिममा धकेलिन सक्ने वा थप जनधन र स्वास्थ्यमा हानी नोक्सानी पुग्न सक्ने अवस्था छ भन्ने समितिलाई लागेमा त्यस्तो व्यक्तिलाई समितिले निर्णय गरेर तत्काल राहत उपलब्ध गराउन सक्नेछ ।

(६) विपद् प्रभावित व्यक्तिलाई यस दफा बमोजिम राहत उपलब्ध गराउँदा महिला, बालबालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ ।

१३. विपद्का समयमा राहत सहयोग प्रदान गर्ने मापदण्ड:

विपद्का समयमा प्रभावीत क्षेत्रमा आपतकालिन राहत सहयोग पुर्‍याउनका लागि निम्न अनुरुप राहत सहयोग प्रदान गरिनेछ र नगरको स्रोतको अवस्था र स्फेयर मापदण्डलाई समेत मध्यनजर गरि नगर विपद् तथा जलावायु उतथानशिल समितिको वैठको निर्णयवाट समेत आवश्यक राहत सहयोगको मापदण्ड समेत तोक्नेछ । न्यूनतम मापदण्ड अनुसूचि १ वमोजिम रहने छ । मूख्यताय विपद् व्यवस्थापन कोषमा रहेको मापदण्ड देहायका आधारमा तय गरिने छ ।

क) तत्काल अवस्थाको राहत



(६) उपदफा (१) बमोजिम स्वीकार गरी उपदफा (२) बमोजिम अभिलेख गरिएको र उपदफा (४) वा (५) बमोजिम अस्विकार गरिएको सामाग्रीको विवरण तथा स्वीकार गरिएको सामाग्रीको हकमा सो उपलब्ध गराउने व्यक्ति वा संस्थाको नाम सम्बन्धी मासिक विवरण अर्को महिनाको सात गते भित्र सार्वजनिक गरिनेछ ।

तर कुनै व्यक्ति वा संस्थाले सहायता उपलब्ध गराउँदा आफ्नो नाम सार्वजनिक नगर्न समितिलाई अनुरोध गरेको रहेछ भने निजको नाम उल्लेख नगरी विवरण सार्वजनिक गर्न बाधा पर्ने छैन ।

(७) यस दफा बमोजिम प्राप्त भएको वस्तुगत सहायता सामाग्रीलाई त्यस्तो सामाग्री भण्डारण गर्ने वा प्रयोग गरिने स्थानसम्म पुर्याउनका लागि सहायता उपलब्ध गराउने सम्बन्धित व्यक्ति वा संस्थालाई नै अनुरोध गर्न सकिनेछ ।

११.कोषको प्रयोगः (१) कोषमा जम्मा भएको रकम खर्च गर्न तथा विपद् व्यवस्थापन तथा कोरोना जस्ता अन्य माहामारीका लागि प्राप्त वस्तुगत सहायता सामाग्री खर्च निकासा गर्न विपद् व्यवस्थापन कोष संञ्चालन समितिले निर्णय गर्नुपर्ने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि तत्काल विपद् प्रतिकार्य गर्नु पर्ने अवस्था रहेको, तर समितिको बैठक बस्न सक्ने अवस्था नरहेमा तत् पश्चात लगतै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी प्रतिकार्य समिति संयोजकको निर्णयबाट एक पटकमा बढीमा रु.१०,०००।-(दश हजार) विपद् व्यवस्थापन कोष परिचालन समिति संयोजकको निर्णयवाट एक पटक वढीमा रु.२०,०००।- (विस हजार) सम्मको रकम खर्च गर्न बाधा पुग्ने छैन ।

(३) कोषमा जम्मा भएको रकम तथा सामाग्री देहाय बमोजिमको कार्यमा खर्च गरिनेछ:

(क) विपद्बाट प्रभावित भएको वा हुनसक्ने व्यक्ति वा समुदायको तत्काल खोजी, उद्धार तथा सम्पत्तिको संरक्षण गर्न,

(ख) विपद् प्रभावितको तत्कालीन राहतका लागि आवश्यक पर्ने खाद्यान्न, खानेपानी, लत्ता कपडा, औषधी, सरसफाइ तथा

शैक्षिक सामाग्री जस्ता वस्तुहरू खरिद गरी उपलब्ध गराउन तथा तत् सम्बन्धी अन्य आवश्यक कार्य गर्न,

(ग) विपद्को कारण स्थायी बसोबास स्थल गुमाएका व्यक्तिहरूका लागि अस्थायी शिविर वा आश्रय स्थल बनाउन तथा पुर्नस्थापना गर्न,

(घ) विपद्को कारणबाट घाइते वा बिरामी भएका व्यक्तिको औषधोपचार गर्न,

(ङ) विपद् प्रभावितलाई मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(च) विपद्को कारणबाट मृत्यु भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि निजको परिवारलाई तोकिए बमोजिमको सहायता उपलब्ध गराउन,

(छ) विपद्को कारण सम्पत्तिको क्षती हुने व्यक्तिलाई तोकिएबमोजिमको राहत उपलब्ध गराउन,

(ज) खोज, उद्धार तथा प्राथमिक उपचारका लागि स्वयम् सेवक तथा विशेषज्ञको परिचालन र सामाग्री खरिद तथा भण्डारण गर्न,

(झ) विपद्को कारणबाट भएको फोहरमैला तथा प्रदुषणको विसर्जन गर्न,

(ञ) विपद् पूर्व सूचना प्रणाली स्थापना सम्बन्धी उपकरण खरिद, प्रणाली विकास र सोको सञ्चालन गर्न,

(ट) खोज, उद्धार र राहतकोलागि तत्काल सञ्चार तथा यातायात सूचारु गर्न,

(ठ) स्थानीय स्तरमा रहेका विपद् व्यवस्थापन स्वयम् सेवकहरूको क्षमता विकास तथा परिचालन सम्बन्धी कार्य गर्न, (ड) जोखिमयुक्त स्थानको पहिचान तथा उक्त स्थानको धनजनको स्थानान्तरण गर्न,

(ढ) विपद् पश्चात विपदबाट भएको क्षतिको लेखाजोखा र विपद् पश्चातको आवश्यकताको पहिचान गर्न,

(ण) विपद् पछिको पुनःनिर्माण गर्न,



(त) विपद् पुर्वतयारी, विपद् प्रतिकार्य, विपद् र विपद्पछिको पुर्नलाभ, विपद् जोखिम न्यूनिकरण जस्ता विपद् व्यवस्थापनका कार्य गर्न,

(थ) कोरोना जस्ता माहामारी नियन्त्रणका लागि एकान्त बासको व्यवस्था गर्न

(थ) समितिले तोके बमोजिमको विपद् व्यवस्थापन सम्वन्धि अन्य काम गर्न, गराउन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियमितरूपमा गरिने विकास निर्माण सम्बन्धी कार्यलाई विपद् व्यवस्थापनसँग आवद्ध गराएर कोषबाट कुनै पनि किसिमको खर्च गर्न पाईनेछैन ।

(५) कोषमा मौज्दात रकम रु.५,००,०००।- (पाच लाख) भन्दा घटि भएको अवस्थामा आपतकालिन कार्यबाहेक अन्य प्रयोजनका लागि कोषको रकम प्रयोग गरिने छैन ।

१२.राहत सहायता वितरणः (१) प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा कोषमा जम्मा भएको रकम र वस्तुगत सामाग्री मध्ये आवश्यकता र औचित्यका आधारमा दुबै वा कुनै एक मात्र पनि उपलब्ध गराउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम राहत उपलब्ध गराउनुपूर्व कोषबाट राहत उपलब्ध गराईदिने सम्बन्धमा विपद् प्रभावित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यले विपद्को घटना र सोबाट आँफू वा आफ्नो परिवारका सदस्यलाई पर्न गएको हानी नोक्सानीको विवरण सहित कार्यालयमा निवेदन दर्ता गर्नुपर्नेछ । (३) उपदफा (२) बमोजिम निवेदन दर्ता गर्दा विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्याङ्कन सहितको सर्जमिन मुचुल्का वा प्रतिवेदन समेत निवेदनसाथ संलग्न गरिएको हुनुपर्नेछ । (४) उपदफा (२) बमोजिम दर्ता भएको निवेदन र उपदफा (३) बमोजिमको संलग्न मुचुल्का वा प्रतिवेदन समेतका आधारमा विपद् प्रभावितलाई कोषबाट राहत रकम तथा सामाग्री उपलब्ध गराउँदा विपद्को